नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति

## राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदको पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०८०/०९/२७

खुल्ला प्रतिस्पर्धाका आधारमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदको पदपूर्ति गर्न यो सूचना प्रकाशन गरिएको छ । मन्त्रालय, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको वेभसाइट क्रमश: www.moless.gov.np, www.dol.gov.np, www.vsdta.gov.np मा उपलब्ध सूचनामा उल्लेख गरिएका न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस मन्त्रालयको सीप विकास तथा तालिम शाखामा तोकिएको ढाँचामा दरखास्त दिनु हुन जानकारी गराईन्छ ।

पदपूर्ति उपसमिति

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

# कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना

गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित मिति : २०८०/०९/२७

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा ६ बमोजिम खुल्ला प्रतिष्पर्धाका आधारमा प्रतिष्ठानको कार्यकारी निर्देशक पदको पदपूर्ति गर्न यो सूचना प्रकाशित गरिएको छ। देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूलाई यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार स्थित पदपूर्ति सिफारिश उपसमितिको सचिवालय, सीप विकास तथा तालिम शाखामा तोकिएको ढाँचामा आवेदन दिन हुन सूचित गरिन्छ। थप जानकारीको लागि यस मन्त्रालयको सीप विकास तथा तालिम शाखामा सम्पर्क गर्न सकिनेछः

१. **न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभवः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ वा कानून विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैरसरकारी संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा सङ्गठित संस्थामा अधिकृतस्तरको पदमा रही श्रम, रोजगार, उद्योग, वाणिज्य, व्यापार, प्रशासन, राजस्व, इञ्जिनियरिङ, व्यवस्थापन वा व्यावसायिक तालिमको क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको र आवेदन दिने अन्तिम मिति सम्ममा चालिस वर्ष उमेर पुगेको हुनु पर्नेछ,

२. **आवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरू:**
आवेदनसाथ हालसालै खिचिएको दुईप्रति पासपोर्ट साइजको फोटो सहित देहाय बमोजिमका कागजात तथा विवरणहरुमा आफैले हस्ताक्षर गरी पेश गर्नु पर्नेछः-
(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्वर, घर, कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण,
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यावसायिक अनुभवको प्रतिलिपि।

३. **आवेदनसाथ देहायको विवरण सहितको स्वघोषणाको कागज पेश गर्नु पर्नेछः-**
(क) समितिसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,
(ख) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको वा कर चुक्ता गरेको,
(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको,
(घ) किर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,
(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,
(च) प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको।

४. <u>व्यावसायिक कार्ययोजना</u> : उम्मेदवारले आवेदनसाथ देहायको विवरण सहितको व्यावसायिक कार्ययोजना पेश गर्नु पर्नेछः-

(क) व्यावसायिक तथा सीप विकासको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक स्थिति,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकता अनुरुप दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने दीर्घकालीन र अल्पकालीन रणनीतिक कार्ययोजना,

(ग) श्रम वजारमा अवसरको खोजीमा रहेका श्रम शक्तिमैत्री श्रम प्रधान सीप प्रशिक्षण कार्ययोजना

(घ) श्रम प्रधान उत्पादनशील सीप विकासमा नेपालको इतिहास र आवश्यकता तथा संभावना,

(ङ) व्यावसायिक तथा सीप विकासको क्षेत्रमा नेपाल सरकारले सञ्चालन गरेका र गर्नुपर्ने कार्यक्रम, कार्ययोजना तथा परियोजना सम्बन्धी जानकारी,

(च) आदेशको कार्यान्वयन गर्न आवश्यक सोच, दृष्टिकोण र कार्ययोजना सहितको बढीमा पाँच हजार शब्दसम्मको व्यावसायिक योजना (नेपाली वा अंग्रेजी भाषामा) पेश गर्नु पर्नेछ।

५. आवेदन दस्तुर वापत मन्त्रालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजश्व खातामा निम्नानुसार विवरण भरी बैंक दाखिला गरेको सक्कलै भौचर आवेदनका साथ पेश गर्नु पर्नेछ,

राजश्व खाता रहेको बैंक र शाखाः राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय

कार्यालय कोडः ३ ७ १ ० ० ३ ५ ० १

राजश्व शिर्षक नं. १ ४ २ २ ९

राजश्व खाता नं. १ ० ० ० १ ० ० २ ० ० ० १ ० ० ० ०

दरखास्त दस्तुर रु.२,५०० ( दुई हजार पाँच सय )

(क) सेवा सुविधा सम्बन्धी अन्य विवरण कार्यकारी निर्देशकको नियुक्ति र सेवा सुविधा आदेशमा उल्लेख भए बमोजिम हुनेछ।

(ख) नियुक्त भएको पन्ध्रदिन भित्र कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

६. परीक्षाको किसिमः व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

# आवेदन फारमको ढाँचा

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्री संयोजक
पदपूर्ति उपसमिति
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, पदपूर्ति उपसमितिको मिति २०८०/०९/२७ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित **"कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना"** अनुसार उक्त कार्यकारी निर्देशकको पदमा रही सेवा गर्ने ईच्छा भएकोले तोकिएका आवश्यक शैक्षिक योग्यता, तालिम, अनुभव, व्यावसायिक कार्ययोजना एवं स्वघोषणा र सो सँग सम्बन्धित कागजात संलग्न गरी तोकिएको ढाँचामा यो आवेदन फारम पेश गरेको छु। नियुक्त भएको अवस्थामा कार्यसम्पादन सम्झौता एवं तोकिए बमोजिमका पदीय जिम्मेवारी इमान्दारीपूर्वक पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

..................................

निकायः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
पदः कार्यकारी निर्देशक

(१) आवेदकको;

(क) नाम, थरः..............................................................................................

(ख) नागरिकता नं / मिति र जारी जिल्लाः..................................................................

(ग) राष्ट्रिय परीचयपत्र नम्बर/जारी मिति र जारी गर्ने गर्ने निकायः..........................................

(घ) स्थायी ठेगानाः..............................................................................................

(ङ) अस्थाई ठेगानाः..............................................................................................

(च) जन्म मितिः............../......../.........(छ) फोन/मोबाइल नं.............................................

(छ) इमेलः............................................ (झ) फेसबुक/ ट्विटरः..............................

(ज) पान नम्बरः

(२) शैक्षिक योग्यताको विवरणः

| क्र.सं. | उपाधि | विश्वविद्यालय | श्रेणी वा CGPA | उतिर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा म
सिंहदरबार, काठमाडौं

(३) अनुभवको विवरण:

| क सं | काम गरेको निकाय | पद | कार्य अवधि | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(४) तालिमको विवरण:

| क.सं. | तालिमको नाम | प्रदान गर्ने निकाय | तालिम अवधि | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(५) अध्ययन, अनुसन्धान, लेख रचना वा अन्य प्रकाशन

| क.सं. | प्रकाशनको नाम | प्रकाशित गर्ने निकाय | प्रकाशित मिति | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

(६) संलग्न कागजात र विवरणहरू:

| क.सं. | कागजात विवरण | प्रतिलिप / पृष्ठ संख्या |
|---|---|---|
| १ | नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि | |
| २ | वैयक्तिक विवरण | |
| ३ | शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि | |
| ४ | अनुभवको प्रमाणपत्रहरूको प्रतिलिपि | |
| ५ | व्यावसयिक कार्ययोजना | |
| ६ | स्वघोषणा सम्वन्धी कागजातहरू | |
| ७ | अन्य आवश्यक कागजातहरू | |
| ८ | दरखास्त दस्तुर जम्मा गरेको सक्कल बैंक भौचर | |

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो झुठा ठहरेमा कानून बमोजिम सहँला बुझाउँला।

| औंठाको छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

दस्तखत:

मिति: